सुदूरपश्चिम प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
धनगढी, कैलाली, नेपाल

## २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) कार्यक्रम संचालन गर्नका लागि शिक्षालय/विद्यालयहरूले प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।०३।१६

नेपाल सरकार र स्वीजरल्याण्ड सरकारबीच भएको द्विपक्षीय सम्झौता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) का क्षेत्रमा सञ्चालित दीगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना दोश्रो (ENSSURE-II) अन्तर्गत् यस मन्त्रालयको बजेटबाट सुदूरपश्चिम प्रदेशका शिक्षालय/विद्यालयहरु मार्फत २४ महिने अप्रेन्टिशीप (औद्योगिक प्रशिक्षार्थी तालिम) कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले सुदूरपश्चिम प्रदेशमा रहेका प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) का आंगिक शिक्षालय, साझेदार शिक्षालय र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) सञ्चालित विद्यालयहरुमध्ये यो कार्यकम सञ्चालन गर्न इच्छुक शिक्षालय/विद्यालयहरुले उल्लेखित शर्तका आधारमा सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय धनगढीमा मिति २०८१ असार ३० गते भित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावको ढाँचा सामाजिक विकास मन्त्रालयको वेबसाइट http://mosd.sudurpashchim.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।

तपसिल

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) बाट स्वीकृत *औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) कार्यक्रम सञ्चालन कार्यविधि* बमोजिम विद्यार्थी छनौट, भर्ना र कार्यक्रम सञ्चालन हुनेछ।

२. शिक्षालय र उद्योग/व्यवसाय दुवै स्थानमा रहेर कार्यस्थलमा आधारित सिकाइ विधि अन्तर्गत सञ्चालन हुने अप्रेन्टिशीप कार्यक्रम २४ महिना अवधिको हुनेछ।

३. यो कार्यक्रम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को शैक्षिक कार्यतालिका अनुसार आगामी आर्थिक वर्ष ०८१/०८२ बाट सञ्चालन हुनेछ।

४. कार्यक्रमको २४ महिने अवधि मध्ये १९.५ महिना अर्थात् ७८ हप्ता प्रशिक्षार्थीहरुले सम्बन्धित उद्योग/व्यवसायहरुमा नै रहेर कार्यस्थलमा आधारित तालिम लिनुपर्ने भएकाले तालिम सञ्चालन गर्ने विषयसँग सम्बन्धित सम्भावित उद्योग/व्यवसायको विवरण पनि प्रस्ताव साथ पेश गर्नुपर्नेछ।

५. अप्रेन्टिशीप तालिम कार्यक्रममा छनौट भई अध्ययन गर्ने प्रशिक्षार्थीहरुले निःशुल्क अध्ययनको अवसर प्राप्त गर्नेछन् । कार्यक्रम सञ्चालन गर्ने शिक्षालय/विद्यालयहरुलाई सञ्चालन खर्च वापत प्रति प्रशिक्षार्थी इकाई लागतका आधारमा यस मन्त्रालयबाट सञ्चालन अनुदान निकासा हुनेछ ।

६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट अप्रेन्टिशीप तालिम कार्यक्रमका लागि स्वीकृत भएका पेशाहरु Electrical Engineering, Mechanical Engineering, Automobile Engineering, Hotel Management, Information Technology, Civil Engineering (Building Construction), Early Childhood Development Facilitation (ECDF) र Tea Technology मध्येबाट कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्नुपर्नेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) बाट थप विषयको पाठ्यक्रम स्वीकृत भएमा स्वीकृत भएपछि पुनः सूचना प्रकाशन गरिनेछ ।

७. तालिम सञ्चालनका लागि एउटा संस्थाले बढीमा दुईवटा विषयका लागि मात्र प्रस्ताव पेश गर्न सकिनेछ। प्रति कार्यक्रम २० वा ३० वा ४० जना प्रशिक्षार्थी भर्ना गर्ने गरी प्रस्ताव पेश गर्न सकिनेछ ।

८. अप्रेन्टिशीप तालिम कार्यक्रमका लागि स्वीकृत विषयहरु मध्ये प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) बाट प्रि-डिप्लोमा वा डिप्लोमा तहको सम्बन्धन प्राप्त भई नियमित कक्षा सञ्चालन भएको विषयमा मात्र प्रस्ताव पेश गर्नुपर्नेछ ।

९. परीक्षार्थी भर्ना सम्बन्धी सूचना, परीक्षा सञ्चालन र उत्तीर्ण परीक्षार्थीलाई नियमानुसार प्रमाणपत्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) बाट प्रदान हुनेछ।

१०. तोकिएको समयभित्र दर्ता भएका प्रस्तावहरु मध्येबाट संस्था, पेशा र कोटा संख्या सामाजिक विकास मन्त्रालयले छनौट गर्नेछ । प्राप्त प्रस्ताव स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार सामाजिक विकास मन्त्रालयमा रहनेछ ।

११. परियोजनाको तर्फबाट HELVETAS नेपालले कार्यक्रम सञ्चालनमा प्राविधिक सहायता दिनेछ ।

थप जानकारीका लागिः लोकेन्द्र प्रसाद भट्ट, शाखा अधिकृत, सामाजिक विकास मन्त्रालय — ९८५११५८०७२ र विकास घजु, प्राविधिक संयोजक ENSSURE परियोजना - ९८४१५१४८२२।

उप-सचिव २०८१/०३/१६